# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मिति:२०८०/११/२७


## प्रेस विज्ञप्ति

### मतदाता नामावली अद्यावधिक कार्यक्रममा सहभागी हुन आयोगको अनुरोध

सम्वत २०८१ वैशाख १५ गते शनिबारका दिन उपनिर्वाचन हुने गरी इलाम जिल्ला प्रतिनिधि सभा, निर्वाचन क्षेत्र नम्बर २ मा रिक्त रहेको प्रतिनिधि सभा सदस्य र बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ को प्रदेश सभा निर्वाचन क्षेत्र नम्बर १ मा रिक्त प्रदेश सभा सदस्यको निर्वाचन घोषणा भएकोले देशभरका मदाताको नामावली अद्यावधिक गरी अन्तिम मतदाता नामावली तयार गर्न सबै निर्वाचन कार्यालयहरुबाट संकलन भएको मतदाता नामावलीको अद्यावधिक तथा दाबी विरोधको प्रक्रिया प्रारम्भ हुने भएको छ । यस अनुसार निर्वाचन कार्यालयबाट मिति २०८० फागुन १३ गते सम्म संकलन भएका विवरणहरु मध्ये मिति २०८१ वैशाख १४ गते सम्म १८ वर्ष उमेर पुग्ने मतदाताको विवरण अद्यावधिक गरिने छ ।
मतदाता नामावली अद्यावधिक तथा अन्तिम मतदाता नामावली प्रकाशन कार्यक्रम मिति २०८० फागुन २९ गते देखि २०८० चैत्र ५ गते सम्म सञ्चालन हुनेछ। यसका लागि फागुन २८ गते आयोगको वेबसाइट (www.election.gov.np) मा मतदाता नामावली प्रकाशन गरिनेछ । उक्त अवधिमा मतदाता नामावलीमा भएको त्रुटी सच्याउन, कसैले झुटा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिन, कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिन, एकाघर परिवारका सदस्यको मृत्यु भएको वा नागरिकता त्याग गरेको अवस्थामा नामावलीबाट नाम हटाउनका लागि applyvr.election.gov.np मा गई अनलाइन मार्फत वा सम्बन्धित निर्वाचन कार्यालय वा वडा कार्यालयमा निवेदन दिन सकिनेछ । मातदाता नामावली अद्यावधिक कार्यक्रम सम्पन्न भए पश्चात मिति २०८०।१२।२२ मा अन्तिम मतदाता नामावली प्रकाशन गरिनेछ ।

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० अन्तर्गत संचालन हुने कार्यक्रमको प्रभावकारिता अभिवृद्धि एवम् आवश्यक सुरक्षा, सहयोग, समन्वय र प्रचारप्रसारका लागि गृह मन्त्रालय मार्फत् सबै प्रमुख जिल्ला अधिकारीलाई प्रमुख नाम दर्ता अधिकारीसँगको समन्वयमा जिल्लाका राजनीतिक दलहरुसँग बैठक राखी कार्यक्रम सम्बन्धी सूचना सम्प्रेषणको व्यवस्था मिलाउन निर्देशन दिइएको छ । स्थानीय तहबाट समन्वय तथा सहयोग हुनुपर्ने कार्यहरुका विषयमा समन्वयका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् सबै स्थानीय तहमा परिपत्र हुन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा र यस कार्यक्रममा सूचना प्रवाह, सहजीकरण, समन्वय र सहयोगको लागि संघीय संसद प्रदेशसभा र स्थानीय तहमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुलाई पत्राचार गरिसकिएको छ । त्रुटिरहित अद्यावधिक र प्रविधिमा आधारित मतदाता नामावली स्वच्छ स्वतन्त्र र निष्पक्ष निर्वाचन व्यवस्थापनको एउटा प्रमुख आधार भएको हुँदा आफ्नो विवरण अद्यावधिक गराउन सबै मतदातामा आयोग अपिल गर्दछ ।

२०८०/११/२७

(शालिग्राम शर्मा पौडेल)

सहसचिव एवम् प्रवक्ता